# सामुदायिक माध्यमिक विद्यालयमा विज्ञान, विषयगत र सूचना प्रविधि प्रयोगशाला स्थापना सम्बन्धी कार्यविधि, २०७८

१) परिचय

शिक्षा विकास निर्देशनालयको आ.व.२०७८/०७९ को लागि स्वीकृत कार्यक्रम अनुसार सामुदायिक माध्यमिक विद्यालयमा विज्ञान, विषयगत र सूचना प्रविधि प्रयोगशालाको स्थापना गर्न एकमुस्ट बजेट विनियोजन भए अनुसार उक्त कार्यक्रमलाई पारदर्शी, व्यवस्थित र नतिजामूलक बनाउने अभिप्रायले यो कार्यविधि तयार गरिएको हो ।

२) उद्देश्य

**यो कार्यविधिको उद्देश्य देहाय अनुसार रहेको छः**

क) विज्ञान, विषयगत र सूचना प्रविधि प्रयोगशाला स्थापना गर्ने विद्यालयको पहिचान गर्ने,

ख) विज्ञान, विषयगत र सूचना प्रविधि प्रयोगशालाको स्थापना गर्ने विद्यालय छनोटको मापदण्ड निर्धारण गर्ने,

ग) मापदण्ड अनुसार छनोट भएका विद्यालयलाई विज्ञान, विषयगत र सूचना प्रविधि प्रयोगशालाको व्यवस्था गर्नका लागि अनुदान प्रदान गर्ने ।

३) न्यूनतम शर्तहरु

क) माध्यमिक तहसम्म सञ्चालित विद्यालय हुनुपर्ने,

ख) विद्यालयमा विद्युत पुगेको र जडान गरेको हुनुपर्ने,

ग) विद्यालयले विज्ञान, विषयगत र सूचना प्रविधि प्रगोगशाला मध्ये जुन विषयमा आवेदन दिने हो सो विषयको प्रयोगशाला स्थापना गर्न यस भन्दा अगाडि संघ, प्रदेश र स्थानीय तहबाट बजेट उपलब्ध नगराइएको भनी विद्यालय व्यवस्थापन समितिको निर्णय संलग्न हुनुपर्ने,

घ) विज्ञान, विषयगत र सूचना प्रविधि प्रयोगशालाको लागि कक्षा कोठाको व्यवस्था गरेको विद्यालय व्यवस्थापन समितिको निर्णय संलग्न हुनुपर्ने,

ङ) यो सेवा प्राप्त गर्न चाहने विद्यालयले आधारभूत तहको इन्टरनेट जडान गरेको हुनुपर्नेछ । तर क्षमता वृद्धि गर्ने कार्यमा यसले बाधा पुऱ्याउने छैन ।

**४) विद्यालय छनोटको आधारहरु – ५० पूर्णाङ्क**

**विद्यालय छनोटको आधारहरु देहाय बमोजिम हुनेछ :**

क) माध्यमिक विद्यालय – १० पूर्णाङ्क

१) कक्षा १ देखि १२ सञ्चालन भएको भए – १० अङ्क

२) कक्षा १ देखि १० सञ्चालन भएको भए – ७ अङ्क

ख) विद्यार्थी सङ्ख्या – १० पूर्णाङ्क

१) ३०० वा सो भन्दा माथि विद्यार्थी सङ्ख्या भएको विद्यालय भए – १० अङ्क

२) ३०० भन्दा कम विद्यार्थी सङ्ख्या भएको विद्यालय भए – ७ अङ्क

ग) छात्रा भर्नादर – १० पूर्णाङ्क

१) कूल विद्यार्थी सङ्ख्याको ५० प्रतिशत वा सो भन्दा बढी छात्रा अध्ययनरत भए – १० अङ्क

२) कूल विद्यार्थी सङ्ख्याको ५० प्रतिशत भन्दा कम छात्रा अध्ययनरत भए – ७ अङ्क

घ) भौगोलिक क्षेत्र – १५ पूर्णाङ्क

१) गाउँपालिकाको विद्यालय भए – १५ अङ्क

२) नगरपालिकाको विद्यालय भए – १२ अङ्क

३) उपमहानगरपालिका/महानगरपालिकाको विद्यालय भए – १० अङ्क

ङ) SEE को नतिजा – ५ पूर्णाङ्क

१) विगत तीन वर्षको SEE को नतिजाको औषत GPA २.०० भन्दा बढी भए – ५ अङ्क

२) विगत तीन वर्षको SEE को नतिजाको औषत GPA २.०० वा सो भन्दा कम भए – २ अङ्क

च) विज्ञान प्रयोगशालाको हकमा मात्र – १० अङ्क

१) कक्षा ११ र १२ मा विज्ञान विषय सञ्चालन भएको भए – १० अङ्क

२) अन्य – ८ अङ्क

द्रष्टव्यः विज्ञान, विषयगत प्रयोगशालाको हकमा पूर्णाङ्क ६० मा मूल्याङ्कन गरिनेछ ।

## ५) प्रस्ताव आह्वानको सूचना

(क) शिक्षा विकास निर्देशनालयले अनुसूची १ बमोजिमको प्रस्ताव आह्वान गर्नेछ।

(ख) प्रस्ताव पेश गर्न १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(ग) विद्यालयले प्रस्तावका साथ देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

१. विद्यालयले विज्ञान, विषयगत र सूचना प्रविधि प्रगोगशाला मध्ये जुन विषयमा आवेदन दिने हो सो विषयको प्रयोगशाला स्थापना गर्न यस अघि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकाबाट सो प्रयोगशाला स्थापना र सञ्चालन नभएको भनी विद्यालय व्यवस्थापन समितिको निर्णय र सम्बन्धित स्थानीय तहबाट गरिएको किटानी सहितको सिफारिस संलग्न हुनु पर्नेछ।

तर, यस अघि सूचना प्रविधि प्रयोगशाल स्थापना भएको विद्यालयमा विज्ञान र विषयगत प्रयोगशाला स्थापना गर्न र विज्ञान र विषयगत प्रयोगशाला स्थापना भएको विद्यालयमा सूचना प्रविधि प्रयोगशाला स्थापना गर्न यसले बाधा पार्ने छैन।

२. विज्ञान, विषयगत र सूचना प्रविधि प्रयोगशाला कुन विषयको स्थापना तथा व्यवस्थापन गर्ने हो विषयगत शिक्षक बैठकले गरेको निर्णयलाई विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गर्नु पर्नेछ।



सवेदी

३. विज्ञान, विषयगत र सूचना प्रविधि प्रयोगशाला स्थापना गर्दा हाल विद्यालयमा सो सम्बन्धी मौजुदा सामग्रीको विद्यालय व्यवस्थापन समितिबाट प्रमाणित सुची संलग्न हुनु पर्नेछ ।

४. सामग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन नियम अनुसारको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

(घ) विषयगत शिक्षक बैठकबाट निर्णय भई आएपछि मौजुदा सामग्रीको विवरण, खरिद गर्ने सामग्रीको विवरण र सामग्री तथा निर्माण कार्यको प्रकृति अनुसार सूचना प्रविधि प्रयोगशालाको हकमा उपलब्ध बजेटको सीमा भित्र रही अनुसूची २ बमोजिमका सामग्री मध्ये विद्यालयलाई आवश्यक पर्ने सामग्रीको प्राविधिक विशेषज्ञ (सूचना प्रविधि प्रयोगशालाको हकमा स्थानीय तहका प्राविधिकबाट तयार गरेको स्पेसिफिकेशन) ले तयार गरेको टेक्निकल स्पेसिफिकेसन विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई पेश गर्नु पर्नेछ।

(ङ) विज्ञान प्रयोगशालाको हकमा उपलब्ध बजेटको सीमा भित्र रही अनुसूची ३ मा उल्लेख भएको व्यवस्था अनुसार विद्यालयलाई आवश्यक पर्ने सामग्रीहरु विज्ञबाट तयार गरेको स्पेसिफिकेशन सहित दफा ५(ग)२. अनुसारको प्रक्रिया अवलम्बन गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई पेश गर्नु पर्नेछ । अन्य विषयको हकमा विषय विज्ञबाट तयार गरिएको स्पेसिफिकेसनलाई दफा ५(ग)२. अनुसारको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(च) प्रस्ताव आह्वानसँगै प्रस्तावको मूल्याङ्कनको मापदण्ड, आधार र शर्तहरु शिक्षा विकास निर्देशनालयको वेवसाइटमा समेत प्रकाशित गरिनेछ ।

## ६. सूची प्रकाशन

दफा ४ को अधारमा छनोट भएका विद्यालयहरुको नामावली निर्देशनालयले PLMBIS मा प्रविष्ट गर्न मन्त्रालयमा पठाउनु पर्नेछ । त्यस्तो नामावली निर्देशनालयको वेवसाइटमा समेत प्रकाशित गरिने छ । PLMBIS मा प्रविष्ट भइसकेपछि सम्बन्धित विद्यालयलाई सम्झौताको लागि निर्देशनालयले पत्राचार गर्नेछ ।

## ७. अनुदान रकम

(क) छनोट भएका विद्यालयहरुलाई सूचना प्रविधि प्रयोगशालाको लागि बढीमा रु.१५ लाख र विज्ञान तथा विषयगत प्रयोगशालाको लागि बढीमा रु.१२ लाख रकम उपलब्ध गराइनेछ ।

(ख) सम्झौता अनुसारको प्रथम किस्ता ४० प्रतिशत अनुदान रकम विद्यालयको खातामा उपलब्ध गराइनेछ ।

(ग) निर्देशनालयबाट प्रयोगशाला स्थापनाको कार्य प्रगतिको अनुगमन गरिनेछ ।

(घ) विद्यालयले कार्यक्रम अनुगमनका लागि सम्बन्धित स्थानीय तहको प्रतिनिधि, विद्यालय व्यवस्थापन समितिको प्रतिनिधि र शिक्षक प्रतिनिधि समेत रहेको एक अनुगमन समिति गठन गर्नु पर्नेछ ।

(ङ) दफा ७ (घ) अनुसार समितिले कार्य सम्पन्न भएको प्रतिवेदन, कार्य भएको भनी शिक्षक बैठकबाट भएको निर्णय, कार्य सम्पन्न गरेको सम्बन्धित स्थानीय तहको सिफारिश (सूचना प्रविधि प्रयोगशालाको हकमा स्थानीय तहका प्राविधिकबाट स्पेसिफिकेशन अनुसारको कार्य सम्पन्न भइ प्रयोगशाला जडान भएको प्रतिवेदन), विद्यालय व्यवस्थापन समितिको निर्णय, सामान खरिद गरेको बिल भरपाई र सो बमोजिमको रकम बैंकिङ प्रणाली मार्फत सामग्री आपूर्ति गर्ने सम्बन्धित फर्मको खातामा भुक्तानी दिएको प्रमाण सहित कार्य सम्पन्न प्रतिवेदन पेश भए पछि बाँकी ६० प्रतिशत रकम निकासा दिइनेछ।

(च) छनोटमा परेका विद्यालयले निर्देशनालयले तोकिएको म्याद भित्र सम्झौता गरिसक्नु पर्नेछ ।

(छ) तोकिएको म्याद भित्र सम्झौता गर्न नआए त्यस्तो विद्यालयलाई कार्यक्रम दिन निर्देशनालय बाध्य हुनेछैन ।

(ज) सम्झौता भएको १५ दिन भित्र कार्य प्रारम्भ गरी चैत्र महिना भित्र सम्पन्न गरिसक्नु पर्नेछ । कार्य प्रारम्भको जानकारी शिक्षा विकास निर्देशनालयलाई दिनु पर्नेछ।

मा. विजय सुवेदी
मन्त्री
सामाजिक विकास मन्त्रा

अनुसुची-१

सामुदायिक विद्यालयमा सूचना प्रविधि प्रयोगशाला स्थापना सम्बन्धी प्रस्ताव

१.१ परिचय

क) विद्यालयको नाम :

ठेगाना : मो.नं. इमेल :

ख) प्रधानाध्यापकको नाम :

ग) परियोजनाको नाम :

घ) परियोजनाको लागत :

ङ) परियोजनाको खर्चको श्रोत :

च) परियोजनाको शुरु हुने मिति :

छ) परियोजना सम्पन्न मिति :

१.२ विद्यालय परिचय

क) विद्यालय : विद्यालयको स्थापना कालदेखि हालसम्मको अवस्था

ख) शैक्षिक उपलब्धिको अवस्था :

ग) वस्तीको सामाजिक नक्शा:

घ) उद्देश्य:

ङ) विद्यालयको वर्तमान अवस्था:

जनशक्ति:

विद्यार्थी सङ्ख्या:

शैक्षिक उपलब्धि :

भौतिक अवस्था (भवन र कोठा सङ्ख्या खुल्ने गरी)

विद्युत जडान वा इलेक्ट्रिसिटीको अन्य व्यवस्था

१.३ शिक्षण सिकाईमा योगदान

क) प्रयोग रणनीति :

ख) प्रत्यक्ष लाभान्वित विद्यार्थी सङ्ख्या :

ग) प्रत्यक्ष लाभान्वित शिक्षक सङ्ख्या :

घ) प्रस्तावमा समावेश हुनुपर्ने कागजातहरु :

नोट : प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु

१. यो वर्ष यस किसिमको कार्य दिइएको छैन भन्ने व्यहोराको स्थानीय तहको सिफारिस

२. प्रस्तावित कार्यक्रममा शिक्षा विकास समन्वय इकाइबाट कार्यक्रम प्राप्त भए नभएको सिफारिस

३. विद्यालय व्यवस्थापन समितिको निर्णयका प्रतिलिपि

## अनुसूची – २

**सूचना प्रविधि प्रयोगशालाको लागि आवश्यक न्यूनतम सामग्री**

| S.N. | Item |
|---|---|
| 1 | Branded laptop : |
| 2 | 3 in 1 printer (branded) |
| 3 | School website and e-library portal |
| 4 | Integrated CPU with projector and in-built interactive system with required accessor (branded) |
| 5 | Interactive whiteboard |
| 6 | Projector |
| 7 | Furniture management |

<u>द्रष्टव्य :</u>

ख) विद्यालयले माथि उल्लेखित सामानहरुको विस्तृत Technical specification तयार गराई सार्वजनिक सूचना गर्नु पर्नेछ ।

ग) विद्यालयले सामान प्रदान गर्न प्रतिष्पर्धा गर्न आपूर्तिकर्ताबाट सामान आपूर्ति गर्ने कागजातमा खरिद पूर्व तयारी सम्बन्धी आपूर्तिकर्ताबाट नमूना परीक्षणको व्यवस्था गरी खरिद सम्बन्धी कार्य गर्ने व्यवस्था समावेस गर्नुपर्ने छ।

## अनुसूची – ३

विज्ञान विषयको प्रयोगशालाको हकमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले जारी गरेको नमूना विद्यालय व्यवस्थापन निर्देशिका, २०७४ को अनुसूची ६ अनुसार गर्न सकिने छ । अन्य विषयगत प्रयोगशालाको हकमा दफा ५ को (ख) अनुसारको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

मा. विजय सुवेदी
मन्त्री
सामाजिक विकास मन्